नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १९० २०७९ साल फागुन १५ गते सोमबार (27 Feb. 2023 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आगामी आर्थिक वर्षका लागि... ३ पृष्ठमा : परिक्रमाका यात्रीलाई इस्लाम ... ३ पृष्ठमा चिकित्सक र बिरामी बोकेको...

## मदरसामा कार्यरत शिक्षकहरुलाई मनपरी ढंगले सरुवा गरेको भन्दै ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १४ फागुन ।**

मदरसा समन्वय समिति सप्तरीले मुस्लिम समुदायका बालबालिका अध्ययन गर्ने मदरसामा कार्यरत शिक्षकहरुलाई मनपरी ढंगले सरुवा गरेको भन्दै आइतबार ज्ञापन पत्र बुझाएको छ ।

प्रमुख जिल्ला अधिकारी तथा जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्रमुखलाई सो ज्ञापन पत्र बुझाई उक्त प्रकरणको छानबिन तथा त्रृटीपूर्ण निर्णय सच्याउन माँग समेत गरेको छ ।

समितिका उपाध्यक्ष मो. सबिर हुसैन खाँद्वारा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा तथा जिल्ला शिक्षा बिकास समन्वय इकाईका प्रमुख राजदेव यादवलाई बुझाइएको ज्ञापनपत्रमा जिल्लामा संचालनमा रहेका धार्मिक प्रकृतीका मदरसाहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई दुःख दिने नियतले विभिन्न पालिकामा ऐन कानुनलाई मिचेर सरुवा गर्ने काम भइरहेकोतर्फ गम्भिर ध्यानाकर्षण गराइएको छ ।

यसैक्रममा पछिल्लो पटक विष्णुपुर गाउँपालिकास्थित मदरसा फैजुल इस्लामियाँ थल्हीमा प्रधानाध्यापक पदमा कार्यरत मो. शाहजहाँलाई धार्मिक परम्परागत विद्यालय संचालन निर्देशिका २०७९ तथा शिक्षा ऐन नियमावली विपरित गाउँपालिका कार्यालयले सरुवा गरेको र सोको छानबिन हुनुपर्ने विज्ञप्तिमार्फत माग गरिएको छ ।

सरुवा गरिएका प्रधानाध्यापक मो. शाहजहाँको ठाउँमा अर्का विद्यालयका प्रधानाध्यापक रामचन्द्र यादवलाई नयाँ जिम्मेवारीमा ल्याइएको उल्लेख गर्दै ज्ञापनपत्रमा यस्ता गतिविधीले मदरसा शिक्षाको शैक्षिक अवस्थामा ह्रास आउनुका साथै बर्षौदेखी कायम रहेको सामाजिक सद्भाव समेत बिग्रिन सक्ने तर्फ सचेत गराइएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थापा र जिल्ला शिक्षा विकास तथा समन्वय इकाई समितिका प्रमुख यादवले सो बारे आबश्यक छानबिन गर्ने आश्वासन दिएको समितिले जनाएको छ ।

## अवैध रुपमा वालुवा उत्खनन् गर्ने ट्र्याक्टर प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, १४ फागुन ।**

सप्तरीको कंचनरुप नगरपालिका १ स्थित महादेवपट्टी खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरी लैजादै गरेको अवस्थामा प्रहरीले एक ट्र्याक्टरलाई नियन्त्रणमा लिएको छ ।

खोलाबाट अवैध बालुवा उत्खनन् गर्ने कार्यमा प्रहरीले कडाई गर्दै लगेको अवस्थामा प्रहरीले आइतबार स.१त. २४९४ नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएको हो ।

खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरी लैजादै गरेको सूचनाको आधारमा पुगेको इलाका प्रहरी कार्यालय कंचनपुरको टोलीले बालुवा लोड भएको उक्त ट्र्याक्टर नियन्त्रणमा लिएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

दुई दिनअघि पनि प्रहरीले कंचनरुप नगरपालिका ९ स्थित बान्द्रा खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरी ओसार पोसारमा प्रयोग गरिएको स.१त. ५५७३ नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएको थियो ।

## शैक्षिक सामाग्रि र भोजन गराएर दुगडले मनाए ७५ औं जन्मदिन



**दैनिक समाचारदाता**
**राजविराज, १४ फागुन ।**

राजविराजस्थित बहिरा बालक स्कुलका बालबालिकाहरुलाई एक बृद्ध समाजसेवीले शैक्षिक सामग्रि तथा भोजन गराएर आफ्नो ७५ औं जन्मदिन मनाएका छन् ।

राजविराज ६ स्थित बहिरा बालक स्कुलमै पुगेर राजविराज ७ निवासी समाजसेवी ७५ वर्षिय फुसराज दुगडले आइतबार त्यहा अध्ययनरत ३५ बटै सुस्त श्रवण विद्यार्थीहरुलाई शैक्षिक सामाग्रि बितरण गर्नुका साथै भोजन गराएका हुन् ।

बितरण गरिएका शैक्षिक सामाग्रिहरुमा स्कुल ब्याग, पानीको बोतल, पोशाक तथा कपि, कलम, इरेजर, पेन्सिल लगायतका शैक्षिक छन् ।

कार्यक्रममा उनका जेठा छोरा मनोज र कान्छो छोरा मनिपले बालबालिकाहरुलाई मिष्ठान भोजन गराउँदै भविष्यमा विद्यार्थी र विद्यालयलाई आवश्यक पर्ने थप सहयोग उपलब्ध गराउने प्रतिबद्धता

***बाँकी अन्तिम पृष्ठमा***

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लास्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# आगामी आर्थिक वर्षका लागि सोह्र खर्ब अठासी अर्बको बजेट सीमा तोकियो

काठमाडौँ, १४ फागुन (रासस) ।

राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनासहित आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) तयार पारेको छ । आयोगका अनुसार आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु १६ खर्ब ८८ अर्ब ४० करोडको सीमाभित्र रही बजेट तयार पार्न लागिएको हो ।

आगामी आर्थिक वर्षको बजेट सिलिङ चालू आर्थिक वर्षको विनियोजित बजेटभन्दा रु एक खर्ब पाँच अर्ब ४३ करोडले कम हो । चालू आर्थिक वर्षका लागि सरकारले रु १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट ल्याएको थियो । तर मध्यावधि समीक्षामार्फत सरकारले बजेटको आकार रु दुई खर्ब ४४ अर्बले घटाएको छ । सुरुआती विनियोजनको तुलनामा मध्यावधि समीक्षामार्फत बजेटको आकार १४ प्रतिशतले घटाएर रु १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ ।

अहिले अर्थतन्त्रमा देखिएका विभिन्न चुनौती र त्यसले आर्थिक सूचकहरूमा पारेको प्रभावलाई विश्लेषण गरेर बजेटको सीमा अनुमान गरिएको आयोगले जनाएको छ । "चालू आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्म राजस्व परिचालनमा देखिएको सङ्कुचन, वैदेशिक सहायता परिचालनमा अनुदानको घट्दो प्रवृत्ति र विनिमय दरमा भएको वृद्धिका कारण साँवा-ब्याज भुक्तानीमा पर्नसक्ने थप चाप तथा आन्तरिक ऋण भुक्तानीको व्ययभारसमेतको विश्लेषण गरी राष्ट्रिय स्रोत परिचालनको यथार्थपरक अनुमान तथा प्रक्षेपण गरिएको छ", आयोगले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ तयार गरी स्वीकृत गरिसकेको जनाएको छ । सो मार्गदर्शन तथा ढाँचा सबै संवैधानिक निकाय तथा विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारलाई समेत पठाइसकेको आयोगले जनाएको छ ।

मध्यमकालीन खर्चसंरचनाअनुसार सरकारी राजस्व आगामी तीन आर्थिक वर्षमा सरदर १४ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ । राजस्व वृद्धिको सोही अनुमानका आधारमा बजेटको आकार पनि अनुमान गरिएको हो । "नेपाल सरकारको कूल स्रोत आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु १६ खर्ब ८८ अर्ब ४० करोड, आर्थिक वर्ष २०८१/८२ का लागि रु १८ खर्ब ८० अर्ब २० करोड र आर्थिक वर्ष २०८२/८३ का लागि रु २० खर्ब ८८ अर्ब ९० करोड बराबर रहने प्रारम्भिक अनुमान छ", आयोगले भनेको छ ।

आयोगका अनुसार आगामी आर्थिक वर्षको बजेटको सीमा निर्धारण गर्दा विनियोजन कुशलतालाई ध्यानमा राखिएको छ । "विषयगत मन्त्रालय वा निकायहरूबाट बढी बजेट माग हुने तर विनियोजित बजेट बाँडफाँट मुताबिक खर्च नहुने अवस्थालाई मनन गरी बजेट प्रणालीको अनुमान योग्यता र विनियोजन कुशलतालाई ध्यानमा राखिएको छ । आगामी आर्थिक वर्षका लागि खर्च हुने वा खर्च गर्न सकिने कार्यक्रम तथा क्रियाकलापमा मात्र बजेट व्यवस्था गर्नु उपयुक्त हुने विषयलाई मार्गदर्शनमा जोड दिइएको छ", आयोगको विज्ञप्तिमा उल्लेख छ ।

# विदेशी पर्यटकको खर्चबारे अध्ययन गर्दै पर्यटन बोर्ड

काठमाडौँ, १४ फागुन (रासस) ।

नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको औसत खर्चको यकिन तथ्याङ्क लिन अध्ययन सुरु गरेको छ ।

बोर्डले विदेशी पर्यटकको औसत खर्चदर पत्ता लगाउने उद्देश्यले आइतबारदेखि सर्भेक्षण सुरु गरेको हो । बोर्डका निर्देशक मणिराज लामिछानेले विदेशी पर्यटकले नेपालमा कति खर्च गर्छन् भनेर यकिन तथ्याङ्क निकाल्ने लक्ष्यका साथ अध्ययन सुरु गरिएको राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "दुई हजार नमुना सङ्कलन गरिनेछ । बोर्डबाट खटिने पाँच कर्मचारीले हरेक दिन १० वटा प्रश्नको फाराम भरेर ४० दिनभित्र यो काम सक्नेछन् ।" बोर्डको समन्वयमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)का विद्यार्थी यो अध्ययनमा सम्लग्न छन् ।

नेपालमा विदेशी पर्यटकले कति खर्च गर्छन् भन्ने यकिन तथ्याङ्क निकाल्न यो अध्ययनले सहयोग पुग्ने निर्देशक लामिछानेले उल्लेख गर्नुभयो । उहाँका अनुसार सन् २०२१ मा एक विदेशी पर्यटकले दैनिक औसत ४८ अमेरिकी डलर खर्च गरेको पाइएको छ । सन् २०२२ मा पनि सोही हाराहारीमा पर्यटकले खर्च गर्ने गरेका छन् । सन् २०२३ मा यो दर बढेर ७० देखि ७५ डलर पुग्ने निर्देशक लामिछानेको भनाइ थियो ।

उहाँले 'टुरिज्म स्याटेलाइट अकाउन्ट' को प्रमुख टुलका रूपमा आइतबारदेखि अध्ययन सुरु गरिएको बताउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्याङ्क कार्यालय र नाथमको सहकार्यमा पर्यटकको खर्चसम्बन्धी अध्ययन सुरु गरिएको हो ।

पछिल्ला दिनमा विदेशी पर्यटक आउनेक्रम बढेको छ । बोर्डको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्ष सन् २०२३ को जनवरी महिनामा ५५ हजार ७४ विदेशी पर्यटक नेपाल भित्रिएका थिए भने गएको वर्ष  छ लाख १४ हजार एक सय ४८ विदेशी पर्यटक भित्रिएका थिए । कोभिड-१९ महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ विदेशी पर्यटक आएकामा  सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ जनामा खुम्चिएको थियो । त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए ।

# तीन वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य

काठमाडौँ, १४ फागुन (रासस) ।

सरकारले आगामी तीन आर्थिक वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यसहित मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तयार पारेको छ ।

राष्ट्रिय योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ स्वीकृत गर्दै विभिन्न आर्थिक सूचकको तीनवर्षे अनुमान सार्वजनिक गरेको हो । आयोगले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार आगामी आर्थिक वर्ष २०८०/८१ मा छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ ।

त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा सात दशमलव चार प्रतिशत र आर्थिक वर्ष २०८२/८३ मा आठ प्रतिशतको आर्थिक वृद्धिदर कायम रहने अनुमान आयोगको छ । तर, चालू आव २०७९/८० का लागि सरकारले राखेको आर्थिक वृद्धिदरको लक्ष्य भने हासिल नहुने पनि आयोगले जनाएको छ । चालू आवमा आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखिएकामा चार दशमलव पाँच प्रतिशत बराबर मात्रै रहने देखिएको हो ।

चालू आवमा सरकारले उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको थियो । तर यस वर्ष मुद्रास्फीतिले वाञ्छित सीमा नाघेर साढे सात प्रतिशतसम्म पुग्नसक्ने अनुमान आयोगको छ ।

त्यस्तै, आगामी आव २०८०/८१ मा छ दशमलव पाँच प्रतिशत र त्यसपछिका दुई आवमा छ प्रतिशतको वाञ्छित सीमाभित्र मुद्रास्फीति राख्ने प्रक्षेपण आयोगले गरेको छ ।

आगामी तीन वर्षभित्र नेपालको प्रतिव्यक्ति आयमा उल्लेखनीय सुधार हुने अनुमान पनि आयोगको छ । आयोगको विवरणअनुसार प्रतिव्यक्ति आय आव २०८०/८१ मा एक हजार पाँच सय ७२ अमेरिकी डलर, आव २०८१/८२ मा एक हजार सात सय ४० अमेरिकी डलर र आव २०८२/८३ मा एक हजार नौ सय ३५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको छ ।

आगामी वर्षमा नेपालको भुक्तानी सन्तुलनमा घाटा बढ्दै जाने देखिएको छ । भुक्तानी सन्तुलन आगामी आव रु १० अर्ब र त्यसपछिका दुई आवमा क्रमशः रु २० अर्ब र रु २५ अर्बसम्म घाटामा रहने अनुमान आयोगको छ ।

# एक हजार बढी सरकारीको श्रेस्ता अनुसन्धान गर्दै मन्त्रालय

काठमाडौँ, १४ फागुन (रासस) ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले देशको अर्थतन्त्रको तेस्रो महत्वपूर्ण खम्बाका रूपमा रहेको तथा आर्थिक सामजिक रुपान्तरणको आशालाग्दो सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न आवश्यक पहल सुरु गरेको छ ।

सहकारी क्षेत्रमा देखिएका विकृति र बचतकर्ताको बचत सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाइदिन सरोकारवालाको आग्रहमा मन्त्रालयले आवश्यक पहल सुरु गरेको छ । मन्त्रालयका सचिव डा दामोदर रेग्मीले बचतकर्ताको बचत सुरक्षा र सहकारी अभियानको मूल्य, मान्यतामा आँच आउन नदिन मन्त्रालय संवेदनशील रहेको बताउनुभयो ।

सहकारी विभाग, समस्याग्रस्त सहकारी विकास समिति, राष्ट्रिय सहकारी महासङ्घ, सहकारीका प्रदेश जिल्ला र विषयगत सङ्घलाई समन्वयात्मकरूपमा काम गर्न निर्देशनका साथै मन्त्रालयले पनि यसको नियमित अनुगमन गरिरहेको छ । उहाँले भन्नुभयो, "अनुगमन गर्नुपर्ने निकायको निस्क्रियता वा गलत प्रवृत्तिलाई प्रोत्साहन नदिन मन्त्रालय सचेत छ ।"

सचिव रेग्मीले अहिलेसम्म बचतकर्ताले मागदाबी गरेको रु एक अर्ब ४४ करोड रकममध्ये ४५ करोड रकम फिर्ता गरिसकेको र बाँकी रकम फिर्ता गर्न समस्याग्रस्त सहकारी विकास समितिबाट पहल भइरहेको बताउनुभयो । समस्याग्रस्त सहकारीका एक हजारभन्दा बढी श्रेस्ता माग गरी अनुसन्धान भइरहेको तथा एक सयभन्दा बढी चल-अचल सम्पत्ति रोक्का राखी सञ्चालकको राहदानी, बैंक खाता र विदेश जान रोक्का गरिएको मन्त्रालयले जनाएको छ ।

कानुनको परिपालना नगर्ने र बचतकर्ताको बचत सुरक्षा नगर्ने सहकारीलाई समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट कारबाही भइरहेको जानकारी दिँदै मन्त्रालयले कुनै सहकारीले गलत काम गरेको पाइएमा त्यस्ता सहकारी संस्थाको विवरण उक्त समिति, सहकारी विभाग, प्रदेशस्थित सहकारी विभाग र मन्त्रालयमा पठाउन सबै बचतकर्तालाई सुझाव दिएको छ ।

असल सहकारीलाई प्रोत्साहन र गलत कार्य गर्ने सहकारीलाई कानुनको दायरामा ल्याउन सहकारी सङ्घ र महासङ्घ अब निस्क्रिय रहेर बस्न नमिल्ने मन्त्रालयको भनाइ छ । उक्त कार्यमा विभागलाई सक्रिय भएर लाग्न र नियमित प्रगति उपलब्ध गराउन रजिष्ट्रार र निर्देशकलाई निर्देशनसमेत दिइसकेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# परिक्रमाका यात्रीलाई इस्लाम धर्मावलम्बीको स्वागत

महोत्तरी, १४ फागुन (रासस)।

मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई आइतबार बिहान ध्रुवकुण्डमा इस्लाम धर्मावलम्बीले स्वागत गरेका छन् ।

यात्राको सातौँ दिनको विश्रामका लागि आइतबार ध्रुवकुण्ड आइपुगेका यात्रीलाई स्थानीय इस्लाम धर्मावलम्बीले स्वागत गरेका हुन् । महोत्तरीको बलवा नगरपालिकाको धमौरास्थित ध्रुवकुण्ड वरपरका बस्ती अहिले मुस्लिम बसोबास बाहुल्य छन् ।

जिल्लाको मडैमा छैटौँ दिनको रात्रिविश्राम गरेका यात्री आइतबार बिहानदेखि ध्रुवकुण्ड पुग्दैछन् । आफ्नो ठाउँमा आइपुगेका यात्रीलाई ध्रुवकुण्ड नजिकका धमौरा, रौजा र अधियानपुरसहितका बस्तीका इस्लाम धर्मावलम्बीले आइतबार बिहान स्वागत गरेका हुन् । ध्रुवकुण्ड आइपुगेका यात्रीलाई फूलमाला र गम्छा ओढाएर सम्मान गर्दै बिहान इस्लाम धर्मावलम्बीले स्वागत गरेका छन् ।

जिल्लामा इस्लाम (मुस्लिम, मुसलमान) धर्मावलम्बीको सघन बसोबास रहेको धमौरामा हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र ध्रुवकुण्ड अवस्थित छ । सत्ययुगमा राजकुमार ध्रुव (पछि राजा) ले तपस्या गरेको ठाउँ मानिने ध्रुवकुण्डलाई हिन्दूले पवित्र धार्मिकस्थल मान्ने गरेका छन् । आफ्नो ठाउँ १५ दिने माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल रहँदै आउनु गौरवको कुरा भएको इस्लाम धर्मावलम्बी बताउँछन् ।

"यहीँ (धमौरा) हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल ध्रुवकुण्ड छ, यहीँ नै केही दूरी पर इस्लाम धर्म परम्पराका सुफी सन्त गदालीबाबा, बहारअलीबाबा र रहमतअलीबाबाको पवित्र मजार (समाधीस्थल) छ", धमौराका बासिन्दा मन्सुल कवारी भन्नुहुन्छ, "हिन्दूहरु मजारस्थलमा श्रद्धा जनाउँदै मन्नत (आशिष) माग्न आउँछन्, हामी इस्लाम धर्मावलम्बी ध्रुवकुण्डको विकासबारे चासो राख्छौँ ।" मजार र ध्रुवकुण्ड आफ्नो ठाउँ चिनाउने पवित्रस्थल भएकाले हिन्दू र मुसलमान दुवैको उत्तिकै चासोमा पर्ने मन्सुलको भनाइ छ ।

आइतबार बिहान यात्राको सातौँ दिनको रात्रिविश्रामको प्रबन्धमा मुस्लिम आफ्ना छिमेकी हिन्दूसँगै तल्लीन देखिन्छन् । "यात्री हाम्रो ठाउँमा राम्रोसँग बस्न सकुन्, यो ठाउँ सबैको मनमा रहन सकोस्, हामी यो चाहान्छौँ", धमौराका ७५ वर्षीय इस्लाम धर्मावलम्बी हासिम कवारी भन्नुहुन्छ, "यात्रीको स्वागत, बसोबास र अन्य प्रबन्ध ठिकठाक रहन सकोस् भन्ने हाम्रो प्रयत्न हो ।"

यो मध्यमा परिक्रमा आफूहरुका लागि अतिथि सत्कारको खास अवसर रहँदै आएको इस्लाम धर्मावलम्बीको भनाइ छ । "मिथिला माध्यमिकी परिक्रमा हाम्रो ठाउँ चिनाउने खास अवसर हो", धमौराको अधियानपुरका बासिन्दा इस्लाम धर्मावलम्बी अमानुल्ला शेष भन्नुहुन्छ, "माध्यमिकी परिक्रमाको यो अवसरलाई आफ्नो ठाउँको विकासमा प्रयोग गर्न जान्नु पर्दछ, यसका लागि यात्रीको सुरक्षा, आवास र उपचार व्यवस्था हाम्रा खास दायित्वका कुरा हुन् ।"

हिन्दू परम्पराको मिथिला माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल ध्रुवकुण्ड (धमौरा) इस्लाम धर्मावलम्बी बसोबास बाहुल्यताको ठाउँ हो । धमौराका अधियानपुर, रौजाबजार, धमौराटोल र भगवतीपुर बस्तीमा इस्लाम धर्मावलम्बीको बसोबास छ । यस ठाउँमा परिक्रमाको सातौँ दिनको विश्राम परम्परालाई स्वागत गर्नसके र राम्रो बिदाइ गर्नसके धार्मिक सद्भावको सन्देशसमेत प्रवाहित हुने इस्लामधर्मावलम्बी बताउँछन् ।

"मिथिला माध्यमिकी परिक्रमा धर्मको बन्धनले कसिएको हामी ठान्दैनौँ", धमौराको भगवतीपुरका अर्का इस्लाम धर्मालम्बी मन्जुर अन्सारी भन्नुहुन्छ, "मिथिलाको महाकुम्भ भनिने यो यात्रा सिङ्गो मिथिला क्षेत्रको साझा संस्कृति बनिसकेको छ ।" धमौरामा मिथिला माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल रहेको ध्रुवकुण्ड र रौजास्थित इस्लाम धर्मावलम्बीको पवित्र धार्मिकस्थल रौजामजार रहेका छन् ।

इस्लाम धर्मावलम्बी गदालीबाबासहित तीन जना सन्तको रौजामजारमा बर्सेनि हजारौँ सङ्ख्याका हिन्दू दर्शन र मन्नत (इच्छित मनोकामना) माग्न र भाकल दिन पुग्ने गरेका छन् । धमौराको विकासमा यी दुवै पक्षलाई उजागर गरेर उज्याला सम्भावना बढाउन सकिने कुरामा यहाँ (धमौरा) का हिन्दू, इस्लाम दुवै धर्मावलम्बी सहमत देखिन्छन् ।

माध्यमिकी परिक्रमाका यात्री ध्रुवकुण्ड आएपछि उनीहरुको आवास, भोजन, उपचार र अन्य आवश्यक प्रबन्धमा हिन्दू र इस्लाम धर्मावलम्बी नबाँडिए झैँ रौजामजारको व्यवस्थापन, आवश्यक प्रबन्ध र प्रचारप्रसारमा पनि हिन्दू तथा इस्लाम धर्मावलम्बी सँगसँगै हातेमालो गर्ने गरेका यहाँका बुढापाका बताउँछन् । "ध्रुवकुण्ड र रौजामजार हाम्रा साझा वैभव हुन्", धमौराकै बासिन्दा ६० वर्षीय सुशील यादव भन्नुहुन्छ, "आफ्नो ठाउँको चिनारी विस्तार गर्न र विकासका लागि यी दुवै सम्भावना बढाउन हामीले नै पहलकदमी लिनपर्छ ।"

मिथिलामा १५ दिने यो परिक्रमाका यात्रीले पाँच रात महोत्तरीमा बिताउने परम्परा रहँदै आएको छ । चौथो दिनको विश्रामका लागि मटिहानीबाट सुरु भएको महोत्तरीको यात्रामा यात्री पाँचौँ दिन जलेश्वर, छैटौँ दिन मडै, सातौँ दिन ध्रुवकुण्ड र आठौँ दिन कञ्चनवनमा बास बस्ने गर्छन् । आइतबार ध्रुवकुण्डमा रात्रिबासपछि सोमबार यात्री कञ्चनवनका लागि प्रस्थान गर्नेछन् ।

मिथिलाको महाकुम्भ भनिने १५ दिने यो परिक्रमामा सहभागी हुँदा मन पवित्र हुने यात्री बताउँछन् । पारिवारिक कल्याण र मोक्षको कामनाका साथ गरिने यो यात्रामा नेपाल र भारतका गरी एक सय ३३ किलोमिटरको वृत्तभित्र परिक्रमा गरिन्छ । यस अवधिमा महोत्तरीमा पाँच, धनुषामा छ र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा चार रात्रिबासको परम्परा रहँदै आएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

# विश्व समाचार

## चिकित्सक र बिरामी बोकेको विमान दुर्घटना

वासिङ्टन, १४ फागुन (रासस/एएफपी)।

अमेरिकाको पश्चिमी राज्य नेभाडामा चिकित्सक र बिरामी बोकेको एउटा विमान दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । गत शुक्रबार क्यालिफोर्निया र नेभाडाको सिमानामा अवस्थित स्टेजकोच सहर पुगेपछि राडारबाट हराएको विमान दुर्घटना भएको मध्य लियोन काउन्टीको अग्नि नियन्त्रण कार्यालयलाई उद्धृत गर्दै क्षेत्रीय आपत्कालीन चिकित्सा सेवा प्राधिकरण (आरइएमएसए)ले आइतबार जनाएको छ । दुर्घटनाग्रस्त विमानमा चालक बाहेक एक जना परिचारिका, एक जना चिकित्सा सहायक, एक जना बिरामी र निजको परिवारका एक जना सदस्य थिए । प्रतिकूल मौसमका कारण विमान दुर्घटना भएको अनुमान गरिएको छ । यद्यपि दुर्घटनाको कारण स्पष्ट भएको छैन । निरन्तरको हिमपात र आँधीका कारण अमेरिकाका धेरै राज्यको जनजीवन कष्टकर बनेको छ । क्यालिफोर्निया पनि हिमपात र आँधीबाट प्रभावित भएको छ । शनिबार साझसम्म क्यालिफोर्निया राज्यका करिब एक लाख सर्वसाधारण बिजुलीविहीन थिए ।

## मध्य एशियामा आफ्नो प्रभाव विस्तार गर्दै अमेरिका

वासिङ्टन, १४ फागुन (रासस/एएफपी)।

रुसको ऐतिहासिक प्रभावले सहयोगको सीमालाई सीमित गरे पनि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केन पूर्वशोभियत गणतन्त्रहरूलाई अझ व्यापक अमेरिकी सहयोग र संलग्नामा आश्वस्त पार्न मध्य एशियाली देशको भ्रमणमा निस्कदै हुनुहुन्छ । युक्रेन युद्धको प्रथम वार्षिकीपछि अमेरिकाका शीर्ष कूटनीतिज्ञ आगामी मङ्गलबार कजाकिस्तान र त्यसपछि उज्वेकिस्तान पुग्नुहुने भएको छ । कजाकिस्तानको राजधानी अस्तानमा सबै पाँच पूर्वशोभियत राज्यका विदेशमन्त्रीसँग उहाँले संयुक्तरूपमा भेटवार्ता गर्नुहुनेछ । दक्षिण र मध्य एशियाका लागि अमेरिकी कूटनीतिज्ञ डोनाल्ड लुले पूर्वशोभियत राज्यहरूले रुस वा चीनसँगको सम्बन्धलाई महत्व दिइरहेका बेला त्यहाँ अमेरिकी उपस्थिति प्रवर्द्धन गर्नु अपरिहार्य भएको बताउनुभएको छ । विदेशमन्त्री ब्लिङ्केनको भावी भ्रमण मस्को र बेइजिङभन्दा वासिङ्टन विश्वसनीय साझेदार भएको ती देशलाई आश्वास्त पार्ने उद्देश्यका साथ हुन लागेको पत्रकारहरूलाई बताउनुभएको छ । पूर्वशोभियत गणतन्त्रहरूमा अमेरिकी संलग्नता बढाउने तथा आर्थिक सहायता उपलव्ध गराउने सन्दर्भमा भ्रमण हुन लागेको उहाँले उल्लेख गर्नुभयो । ती देशसँग अमेरिकी प्रस्तावबारे छलफल गर्न आवश्यक भएको उहाँको कथन छ । कूटनीतिज्ञ तथा विज्ञहरूका अनुसार मध्य एशियाली देशका नेताहरू मस्कोसँग औपचारिक सुरक्षा सम्झौताबाट विमुख हुन चाहदैनन् । रुस नै उनीहरूका श्रमिकहरूको प्रमुख गन्तव्य मुलुका हो । यस्तो पृष्ठभूमिमा उनीहरू रुससँगै रहेको देखाउन चाहन्छन् भने उसको आर्थिक प्रभावबाट मुक्त हुन असमर्थ छन् ।

गत बिहीबार संयुक्त राष्ट्रसङ्घको महासभाले युक्रेनमा दिगो शान्ति कायम गर्न त्यहाँबाट रुसी सेना तत्काल निःशर्त आफ्नो देश फर्कनुपर्ने प्रस्तावमाथिको मतदानमा पनि ती देश सहभागी भएनन् । मध्य एशिया अमेरिकाका निम्ति सीमाहीन भएको मध्यएशिया विज्ञ पिट्सवर्ग विश्वविद्यालयका जेनिफर ब्रिक मर्तजासभिली बताउनुहुन्छ । "मध्यएशियाली राष्ट्रका नेता रुसको प्रभावबाट मुक्त हुन चाहन्छन् । यो कुरा उनीहरूले राम्ररी बुझेका छन । रुस उनीहरूका लागि खतरा हो, तर भूगोलका आधारमा उनीहरू चाहेर पनि मस्कोको साथ छाड्न सक्दैनन् । उनीहरूको आर्थिक स्थितिले पनि त्यसो गर्ने अनुमति दिँदैन । उनीहरू विकल्प चाहन्छन्," उहाँले भन्नुभयो । संयुक्त राज्य अमेरिकाका लागि यी रचनात्मक पक्ष भएका बताउँदै उहाँले ती देशका नेताहरूसँग अमेरिकाले संलग्नता बढाउनु स्वाभिबक भएको तर्क गर्नुभयो ।

कजाकिस्तानसँग रुसको सबैभन्दा लामो सिमाना छभने सबैभन्दा जटिल सम्बन्ध पनि । कजाकिस्तान जातीय रुसी अल्पसङ्ख्यकको अधिकारको बारेमा सजग छ । राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेन आक्रमणको औचित्यबारे कजाक नेताहरूलाई बताउनुभएको छ । उहाँले कजाकिस्तानका राष्ट्रपति कासिम जोमार्ट तोकायेभलाई गत वर्ष भेटेर रुससँगको साझेदारी पुनः पुष्टि गर्नुभएको थियो । केही समयअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँगको कुराकानीमा कजाकिस्तानका राष्ट्रपतिले अन्तर्राष्ट्रिय कानुनमा आधारित द्वन्द्वको अन्त्यका लागि वार्ता गर्न आग्रह गर्नुभएको थियो । युक्रेन आक्रमणको एक महिनाअघि राष्ट्रपति तोकायेभले रुसी नेतृत्वको सेनालाई दङ्गा नियन्त्रणमा मद्दत गर्न आह्वान गर्नुभयो तर जनताको व्यापक विरोधपछि उहाँले उक्त आह्वान स्थगन गर्नुभएको थियो । ताजिकिस्तानका राष्ट्रपति इमोमाली रहमोनले गत अक्टोबरमा रुसले मध्य एशियाली देशहरूको हितलाई बेवास्ता गरेको आरोप लगाउँदै पुटिनलाई क्षेत्रीय ब}ठकमा साव{जनिकरुपमा गाली गरेको भिडियो भाइरल भएपछि रुस-ताजिकिस्तान सम्बन्धमा तरङ्ग उत्पन्न भएको थियो ।

## पर्यटक सुरक्षाका लागि मोबाइल एप

कोलम्बो, १४ फागुन (रासस/सिन्ह्वा)।

श्रीलङ्काले यहाँ आउने पर्यटकको सुरक्षाका लागि मोबाइल एप प्रयोगमा ल्याउने भएको छ । सोसम्बन्धी एप आगामी मार्च १ देखि लागू गरिने भएको यहाँका पर्यटन मन्त्रीले जानकारी दिनुभएको हो ।श्रीलङ्काका पर्यटनमन्त्री हरिन फर्नान्डोले शनिबार श्रीलङ्काको राजधानी कोलम्बोमा आयोजना भएको पर्यटनसम्बन्धी एक कार्यक्रमलाई सम्बोधन गर्दै सो कुराको जानकारी दिनुभएको समाचारमा जनाइएको छ । उहाँले सो मोबाइल एपमा सात भाषाको प्रयोग गरिने भएको र त्यसलाई सबै नागरिकले पनि प्रयोगमा ल्याउन सकिने गरी निर्माण गरिएको पनि जानकारी दनुभयो । पछिल्लो समयमा श्रीलङ्कामा पर्यटकमाथि पनि आक्रमण हुने गरेको भन्ने सूचनाका कारण उनीहरुको सुरक्षा कै लागि यो एप बनाइएको पनि जानकारी दिनुभएको समाचारमा जनाइएको छ । पर्यटकले कुनै घटना अर्थात् आफू असुरक्षित रहेका विषयमा जानकारी गराउना साथ यहाँका अधिकारीले सो एप हेर्न सक्ने गरी सो एप निर्माण गरिएको बताइएको छ । सो सूचना प्रहरी तथा पर्यटन क्षेत्रका अधिकारी सबैमा जाने र यसै सूचनाका आधारमा ती पर्यटकको उद्धार गर्न सकिने गरी एप निर्माण गरिएको बताइएको छ ।

# प्रहरीद्वारा आगलागि बारे जनचेतामूलक कार्यक्रमहरु संचालन





**दैनिक समाचारदाता**
**राजबिराज, १४ फागुन ।**

सप्तरीमा बढ्दो आगलागिका घटनालाई न्युनिकरण गर्ने उद्देश्यले प्रहरीले जिल्लाको बिभिन्न स्थानहरुमा जनचेतामूलक कार्यक्रमहरु संचालन गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार प्रहरीले जिल्लाको बिष्णपुर गाउँपालिका ५ मझौस्थित सामुदायिक प्रहरी साझेदारी अवधारणा अनुरुप स्थानियबासि, बुद्दिजिवी, समाजसेवी, महिलाहरु लगायतको सहभागितामा सो कार्यक्तम संचालन गरेको छ।

यस्तै प्रहरीले डाक्नेश्बरी नगरपालिका ९ पत्थरगडा टोलमा, तिलाठी कोलाडी गाउँपालिका ५ बनरझुल्लामा र कञ्चनरुप नगरपालिका ७ स्थित प्रहरी कार्यालयमा सामुदायिक प्रहरी साझेदारी अवधारणा अनुरुप सो कार्यक्रम सम्पन्न गरेको छ।

यसअघि प्रहरी बोदेबरसाइन नगरपालिका, बलानबिहुल गाउँपालिका र खडग नगरपालिकामा आगलागि सम्बनधी जनचेतना कार्यक्रम सम्पन्न गरिसकेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# भन्सार छलेका अवैध मालसामान भन्सार चलान

**दैनिक समाचारदाता**
**राजबिराज, १४ फागुन ।**

भन्सार छलेर भारतबाट ल्याइएको एक लाख भन्दा बढीको सरसामान तथा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ।

भारतीय सीमासँग जोडिएको सप्तरीको डाक्नेश्बरी नगरपालिका ६ नहर चौकस्थित सडक खण्डबाट आइतबार बिहान प्रहरीले भन्सार छलेर भारतीय नम्बर बिआर०६ए.एच.२९६३ नम्बरको मोटरसाइकलमा नेपालतर्फ ल्याउँदै गरेको १ लाख २१ हजार मुल्य बराबरको दुधको पाउडर, किराना सामाग्रि र पान मसाला नियन्त्रणमा लिएको हो।

गस्तिमा रहेका प्रहरी देख्नासाथ चालक मोटरसाइकल र सामान छोडी भागेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेशकुमार सिंहले जानकारी दिए।

बरामद सामान र मोटरसाइकल आवश्यक कारबाहीका लागि राजबिराज भन्सार कार्यालयलाई बुझाइएको प्रहरीले जनाएको छ।

# मोटरसाइकलले स्कारपियोलाई ठक्कर दिदा दुई घाइते

**दैनिक समाचारदाता**
**राजबिराज, १४ फागुन ।**

सप्तरीको खडक नगरपालिकामा मोटरसाइकलले पछाडीबाट स्कारपियोलाई ठक्कर दिदा मोटरसाइकलमा सवार दुईजना घाइते भएका छन्।

सो नगरपालिका ४ अमहास्थित पूर्व पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको बा.१५च.२६६२ न.को स्कारपियोलाई सोही दिशाबाट आउदै रहेको स.७प ६५९० नम्बरको मोटरसाइकलले ठक्कर दिएको प्रहरीले जनाएको छ।

ठक्करबाट मोटरसाइकल चालक खडक नगरपालिका ५ निबासी १६ बर्षिय शिव कुमार मण्डल र पछाडी सवार सोही स्थान बस्ने १५ बर्षिय चन्दन मण्डल घाइते भएका छन्। घाइते पश्चात् दुबै जनालाई उपचारको लागी अस्पताल लगिएको तथा स्कारपियो र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटना बारे अनुसन्धान गरिरहेको जनाएको छ।

# जनयुद्धका सहिदलाई राष्ट्रिय सहिद घोषणा गर्छौं : प्रधानमन्त्री दाहाल

काठमाडौं, १४ फागुन (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनयुद्धका सहिदलाई राष्ट्रिय सहिद घोषणा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार जनयुद्धका सहिद तथा बेपत्ता योद्धाका परिवारसँगको अन्तर्क्रियामा उहाँले नेपालको राजनीतिक परिवर्तनमा अद्वितीय योगदान गर्ने सहिदको उच्च सम्मानसहित राष्ट्रिय सहिद घोषणा गर्ने तयारी भइरहेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "आज जनयुद्धका क्रममा पहिलो बलिदान गर्ने सहिद दिलबहादुर रम्तेलको स्मृति दिबस पनि हो। बिसं २००७ को क्रान्तिदेखि झापा विद्रोह, जनआन्दोलन र जनयुद्धका सहिद हाम्रा राष्ट्रिय गौरव हुन्, उनीहरूको उच्च सम्मान गर्नुपर्छ। त्यसैले वर्तमान सरकार जनयुद्धलगायत सबै आन्दोलनका सहिदलाई राष्ट्रिय सहिद घोषणा गर्ने तयारीमा छ।"

सत्यनिरूपण तथा मेलमिलापसम्बन्धी विधेयक अन्तिम चरणमा पुगेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले शान्ति प्रक्रियाका बाँकी काम छिट्टै सम्पन्न गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्क्रमणकालीन न्यायको सिद्धान्तका आधारमा सत्यनिरूपण तथा मेलमिलाप विधेयक अगाडि बढेको छ। यो छिट्टै टुङ्गोमा पुग्छ। जनयुद्धका सहिदको सम्मान, उनीहरूको परिवारको परिपूरण, सन्ततिको शिक्षादीक्षाको काम कानुन बनाएर नै गरिन्छ। त्यसका लागि विधेयक महत्वपूर्ण छ।"

अन्तर्क्रियामा सहिद तथा बेपत्ता परिवारका तर्फबाट अधिवक्ता एकराज भण्डारीले जनयुद्ध दिबसलाई राष्ट्रिय दिवस मनाएर प्रधानमन्त्रीले देशभरका सहिद र बेपत्ता परिवारलाई सम्मान गरेको भन्दै खुसी व्यक्त गर्नुभयो। सरकारले यही फागुन १ गते जनयुद्धको स्मरणमा सार्वजनिक बिदा दिएको थियो। नेकपा (माओवादी केन्द्र)ले आइतवारदेखि फागुन २१ गतेसम्म विभिन्न कार्यक्रमको आयोजना गरी सहिद सप्ताह मनाउने तयारी गरेको छ।

कार्यक्रममा प्रधानमन्त्री दाहालका प्रमुख सल्लाहकार हरिबोल गजुरेल, माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव शक्तिबहादुर बस्नेत, नेता हितराज पाण्डेलगायतको सहभागिता थियो। जनयुद्धका सहिद परिवारले राज्यकोतर्फबाट आफूहरुलाई उचित सम्मान दिनु जरुरी रहेको भन्दै प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएका थिए।

# प्रदेश नं १ मा राप्रपाले तत्काल सरकार नछाड्ने

बिराटनगर, १४ फागुन (रासस)।

प्रदेश नं १ सरकारबाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तत्काल नबाहिरिने भएको छ।

राष्ट्रिपति निर्बाचनका बिषयलाई लिएर केन्द्रीय राजनीतिमा आएको फेरबदलका कारण राप्रपाले शनिबार सङ्घ र प्रदेशका सबै सरकारबाट बाहिरिने तथा समर्थन फिर्ता लिने निर्णय गरेको थियो।

सोही निर्णयअनुसार राप्रपा सङ्घीय सरकार र केही प्रदेश सरकारबाट बाहिरिएको छ। प्रदेश नं १ मा भने तत्काल राप्रपाले सरकार नछाड्ने भएको हो। राप्रपा संसदीय दलका नेता तथा उद्योग, कृषि तथा सहकारीमन्त्री भक्तिप्रसाद सिटौलाले प्रदेश नं १ को राजनीतिक अवस्थाका कारण सरकार छाडिहाल्नुपर्ने परिस्थिति नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "प्रदेश नं १ को राजनीति विशिष्टिकृत छ, त्यसैले तत्काल सरकारबाट छाड्ने परिस्थिति बनेको छैन।"

आइतबार बेलुका पार्टीको प्रदेश समितिको बैठक बस्ने तयारी भएको पनि उहाँले जानकारी दिनुभयो। प्रदेश नं १ प्रदेशसभामा राप्रपाका छ सदस्य छन्। राप्रपाले नेकपा (एमाले) सँग सहकार्य जारी रहने बताएको छ। एमाले र राप्रपा मिल्दा प्रदेशमा ४६ सदस्य छन्। कूल ९३ सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ४७ सदस्य चाहिन्छ।

***शैक्षिक सामाग्रि ...***

समेत जनाएको बिद्यालयकी निमित्त प्रधानाध्यापक चाँदनी कुमारी यादबले बताईन्।

कार्यक्रममा दुगडका भाई हनुमान दुगड, बडा अध्यक्ष शशि चौधरी, निबर्तमान बडा अधयक्ष मागिलाल नाई, समाजसेबी प्रेम श्रेष्ठ, कृष्णप्रसाद सिटौला, संचारकर्मी लगायतको पनि उपस्थिति रहेको थियो।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*